नेपाल सरकार
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

E-mail: motca@ntc.net.np
फ्याक्स नं.: ४२११७५८
४२११८४६
४२११६८५
४२११७८५
४२११५९६
सिंहदरबार, काठमाडौं,
नेपाल।

पत्र संख्या :- ०७९/८०
च.नं.

## प्रेस विज्ञप्ति

आज मिति २०७९/१०/१७ गते मङ्गलबारका दिन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराती र माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री श्री सुशिला सिर्पाली ठकुरीले पशुपति क्षेत्र विकास कोषको कार्यालयको तर्फबाट ब्रिफिङ्ग प्राप्त गरी विविध विषयमा जानकारी लिनु भयो। उक्त अवसरमा माननीय मन्त्रीज्यूले पशुपति क्षेत्र विकास कोषको गुरुयोजना, कार्यक्षेत्र, कोषमार्फत सम्पादन हुने कार्यहरु, कार्य सञ्चालनको अवस्था, गुरुयोजना कार्यान्वयनका क्रममा भोग्नुपरेका समस्याहरु लगायतका विषयहरुमा जानकारी लिनुभयो।

निरीक्षण भ्रमण तथा छलफल पश्चात् माननीय मन्त्रीज्यूले धार्मिक र सांस्कृतिक आस्थाको अतुलनीय धरोहरको रुपमा रहेको, विश्व सम्पदा सूचीमा सूचीकृत पाशुपत क्षेत्रसँग सम्बन्धित गुरुयोजना कार्यान्वयन गर्न तत्कालीन, अल्पकालीन र दीर्घकालीन कार्ययोजना तयार गरी परिणाममुखी ढङ्गले कार्यसम्पादन गर्न निर्देशन दिनुभयो। साथै पशुपति क्षेत्र विकास गुरुयोजना कार्यान्वयनका लागि कार्यतालिका तयार गरी कार्यसम्पादन गर्न र पवित्र पाशुपत क्षेत्रलाई स्वच्छ, सफा र व्यवस्थित रुपमा सञ्चालन गर्न निर्देशन दिनुभयो। सोहि क्रममा माननीय राज्यमन्त्रीज्यूले पशुपति क्षेत्र विकाससँग सम्बन्धित गुरुयोजनाको प्रभावकारी कार्यान्वयन गर्न र पाशुपत क्षेत्रको बहुआयामिक विकासमा कार्ययोजना सहित अघि बढ्न निर्देशन दिनुभयो।

मितिः २०७९/१०/१७

(राजेन्द्र कुमार के.सी.)
प्रवक्ता/सहसचिव